सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ०३ बमोजिम सार्वजनिक गरिएको विवरण



नेपाल सरकार

उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय

नेपाल मौसम विज्ञान विभाग

बबरमहल, काठमाण्डौ

स्वतः प्रकाशन कार्तिक २०८३ (साउन २०८३ देखि असोज मसान्तसम्म)

विषयसूची

क्र. सः.	विषयवस्तु	पृष्ठ
१	नेपाल मौसम विज्ञान विभागको पृष्ठभूमि र परिचय	३
२	विभागको दीर्घकालिन, सोच, लक्ष्य, उद्देश्य र रणनीति	५
३	प्रमुख कार्यहरु	६
४	विभागको संगठन संरचना	८
५	विभागीय प्रमुख, प्रवक्ता , गुनासो सुन्ने अधिकार र सूचना अधिकारी	९
६	सर्वसाधारणको लागि विभागबाट उपलब्ध सेवाहरु र सो सँग सम्बन्धित शाखाहरु	१०
७	साउन ०१ देखि असोज मसान्त सम्म सर्वसाधारणको लागि सम्पादन गरिएको कार्यहरु र गुनासोको अवस्था	११
८	विभागमा रहेका विभिन्न शाखाहरुको कार्यविवरण	१३

पृष्ठभूमि

नेपालमा भारत मौसम विज्ञान विभागबाट भारतिय दुतावस परिसरमा बि.स. १९७८ (सन् १९२१) मा पहिलो वर्षा मापन केन्द्र स्थापना भइ तथ्यांक संकलन कार्य प्रारम्भ भएको थियो। ततपश्चात, बि.स. १९९७ (सन् १९४०) मा सुन्दरिजल जलविद्युत आयोजना परिसरमा दुइवटा वर्षा मापन केन्द्र स्थापना भएको थियो। त्यसै वर्षदेखि एक दशकको अवधिमा भारत मौसम विज्ञान विभागले कुल १०४ वटा मौसम केन्द्र स्थापना गरेको थियो। वि.सं २०१० मा भारतिय कंपनिले नेपालमा अमेरिकामा बनेको तीनबटा DC-3 Dakota जहाजबाट व्यापारिक हवाईसेवा शुरु गरेको थियो। हवाई उडान र अवतरणको लागि हवाई मौसम सेवा अपरिहार्य हुने र सो समयमा नेपालमा हवाई मौसम प्रदान गर्ने निकाय स्थापना भै नसकेको अवस्थामा त्रिभुवन विमानस्थल अर्थात त्यसबेलाको गौचरणमा अवस्थित भारत मौसम विज्ञान (India Meteorological Department) को Supplementary Meteorological Office ले हवाई सेवाको लागि चाहिने आवश्यक मौसम सेवा प्रदान गर्ने गर्दथ्यो। नेपालमा मौसम सम्बन्धि सेवा प्रदान गर्ने आधिकारीक निकाय स्थापना गर्न नेपाल सरकारको औपचारिक आग्रहपछि विश्व मौसम संगठन (World Meteorological Organization) ले बि.सं २०२१ (सन् १९६५) मा इजरायल मौसम सेवाका महानिर्देशक M. Gilead लाई प्राविधिक विज्ञको रुपमा नेपालमा पठायो। लामो गृहकार्यपछि बि.स. २०२३ मा नेपालमा औपचारिक रुपमा मौसम सम्बन्धि सेवा प्रवाह गर्ने उद्देश्यका साथ नेपाल सरकारको आधिकारिक निकाय स्थापना भै सोही वर्ष नेपालले वि.सं. २०२३ श्रावण २८ गते (सन् १९६६ अगस्ट १२) विश्व मौसम संगठन (WMO) को सदस्यता प्राप्त गऱ्यो, जसको फलस्वरुप राष्ट्रिय मौसम सेवा (National Meteorological Service) को आधिकारिता निकायको रुपमा नेपालले आफुलाई प्रस्तुत गर्न सफल भएको थियो।

प्रारम्भदेखि मौसम सम्वन्धि निकाय नेपाल सरकारको विभिन्न विभागको शाखा र महाशाखाको रुपमा रही वि.सं. २०२४ (सन् १९६७) सालमा जलस्रोत तथा जलवायु विज्ञान विभाग (Department of Hydrology and Meteorology) को स्थापना भएसँगै नेपालले देशभर मौसम अवलोकन केन्द्रहरूको विस्तार गर्यो। भारत मौसम विज्ञान विभागबाट राखिएका मौसम केन्द्रहरुको संग संगै समेत नेपालले मौसम केन्द्रहरु स्थापना गरेपश्चात भारत मौसम विज्ञानबाट स्थापना भएका मौसम केन्द्रहरुको केन्द्र व्यवस्थापनमा उदासिनता देखाएको कारणबाट स्वतः विस्थापित हुँदै गयो। WMO सदस्यतासँगै नेपाल अन्तर्राष्ट्रिय मौसम विज्ञान प्रणालीमा आबद्ध भई मौसमसम्बन्धी सूचना आदानप्रदान, अन्तर्राष्ट्रिय प्राविधिक मापदण्ड तथा विशेषज्ञ सहयोग, तालिम र क्षमता विकासका अवसरमा पहुँच विस्तार गर्न सफल भयो, जसले नेपालको मौसम विज्ञान सेवाको विकास तथा अन्तर्राष्ट्रिय सहकार्यलाई थप संस्थागत आधार प्रदान गऱ्यो। यसको साथै नेपालले WMO को डाटा संजाल (Global Telecommunication System) मा आवद्ध भइ विश्वसंग दैनिक रुपमा उच्च वायुमण्डलीय केन्द्र (Radiosonde) तथा सिनोप्टिक केन्द्रका डाटा प्राप्त आदान प्रदान शुरु गर्यो। सोही डाटा विश्लेषणको आधारमा नेपालले वि.सं. २०२४ (सन् १९६७) मा काठमाडौं उपत्यकाका लागि पहिलो मौसम पूर्वानुमान जारी गरियो। त्यसै गरी,

वि.सं.२०२७ साल पौषदेखि (सन् १९७०) त्रिभुवन विमानस्थलबाट पहिलो पटक हवाई मौसम सेवा (Aeronautical Meteorological Service) प्रदान गर्न प्रारम्भ गरिएको थियो।
नेपाल सरकारको विभिन्न मन्त्रालय अन्तर्गत विभिन्न निकायको रुपमा रहेको राष्ट्रिय मौसम सेवालाई बि. सं २०४४ सालमा जलवायु विज्ञान विभागको रुपमा पुनः छुट्टै संस्थाको रुपमा स्थापना भएको थियो भने बि.सं २०५० सालमा विभागको नाम परिवर्तन भइ जल तथा मौसम विज्ञान विभाग कायम भएको थियो। हाल नेपाल सरकारको मिति २०८३।०३।३२ को निर्णय अनुसार संगठन पुनर्संरचना गरी नेपाल मौसम विज्ञान विभाग (Nepal Meteorological Department) को स्थापना भएको छ।

परिचय

नेपाल मौसम विज्ञान विभाग (Nepal Meteorology Department- NMD) नेपाल सरकारको मौसम, हवाई मौसम तथा जलवायु विज्ञानसम्बन्धी सेवा सञ्चालन, विकास, विस्तार तथा नियमन गर्ने राष्ट्रिय स्तरको एक आधिकारिक निकाय हो। यस विभागले वास्तविक समयमा आधारित मौसम केन्द्र (Automatic Weather Station) संजाल, रेडियोसोण्ड (Radiosonde), मौसम राडार (Weather RADAR), भू-उपग्रह संचार (Satellite Communication), गणितिय मौसम पूर्वानुमान (Numerical Weather Prediction), HPC (High Performance Computing) Server लगायतका विशिष्टीकृत प्रणाली सञ्चालन गरी मौसम तथा जलवायु तथ्याङ्क संकलन तथा व्यवस्थापन, मौसम तथा हवाइ मौसम पूर्वसूचना,पूर्वानुमान/चेतावनी, हिम/पर्वतीय मौसम, कृषि मौसम, जलवायु, तथ्यांक विक्रि वितरण, अध्ययन अनुसन्धान तथा सूचना र सेवा प्रवाह सम्बन्धी कार्य गर्दछ। यस विभागले National Meteorological Service (NMS) को रुपमा विश्व मौसम संगठन (World Meteorological Organization) तथा अन्तराष्ट्रिय नागरिक उडडयन संगठन (International Civil Aviation Organization) बाट तोकिए बमोजिमको मापदण्ड भित्र रहेर देशका प्रमुख विमानस्थलहरुबाट मौसम सम्बन्धि सेवा प्रवाह गर्दै मौसम तथा हवाइ मौसम सम्बन्धि तथ्यांक, सूचना, पूर्वानुमान/चेतावनी समेत आदान प्रदान गर्दै आइरहेको छ। मौसम तथा जलवायुजन्य जोखिमबाट नागरिकको जीवन तथा सम्पत्तिको संरक्षण, विपद् जोखिम न्यूनीकरण, कृषि, पर्यटन, उड्डयन, ऊर्जा, पूर्वाधार, स्वास्थ्य, वातावरण तथा अन्य आर्थिक-सामाजिक क्षेत्रमा मौसम तथा जलवायु सूचनाको प्रभावकारी उपयोग सुनिश्चित गर्नु विभागको प्रमुख जिम्मेवारी हो।

दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीति

क. दीर्घकालीन सोच

सबैका लागि समयमै गुणस्तरीय र विश्वसनीय मौसम, हवाइ मौसम तथा जलवायु सेवा।

ख. लक्ष्य

वैज्ञानिक तथा नवीनतम प्रविधिमा आधारीत गुणस्तरीय मौसम, हवाइ मौसम तथा जलवायु सेवाको विकास र विस्तार गरी जीउधनको सुरक्षा, दिगो विकास तथा मौसम उत्थानशील समाज निर्माणमा सहयोग पुऱ्याउने ।

ग. उद्देश्य

- पर्याप्त मौसम अवलोकन केन्द्रको स्थापना, तथ्याङ्क एवं सूचना सङ्कलन, भण्डारण, प्रशोधन र सम्प्रेषण कार्यको भरपर्दो र सुरक्षित व्यवस्थापन गर्ने ।
- मौसम, हवाइ मौसम तथा जलवायुसम्बन्धी गुणस्तरीय, विश्वसनीय र पहुँचयुक्त सेवा उत्पादन, विकास र विस्तार गर्ने।
- मौसमजन्य विपद् र जलवायु परिवर्तनबाट हुने जोखिम तथा क्षति न्यूनीकरण गर्ने ।
- मौसम, हवाइ मौसम तथा जलवायु सेवाको विकास तथा विस्तारको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्यलाई अगाडि बढाउने ।

घ. रणनीति

- पर्याप्त मात्रामा आवश्यक भौतिक संरचना तथा नवीनतम प्राविधिक पूर्वाधारको प्रयोग, विकास तथा विस्तार गरी मौसम मापन केन्द्रहरूको राष्ट्रिय सञ्जाल विकास, विस्तार र दिगो व्यवस्थापन गरिनेछ।
- मौसम विज्ञानसम्बन्धी तथ्याङ्क तथा सूचना सङ्कलन, प्रशोधन, भण्डारण र सम्प्रेषण कार्यलाई वैज्ञानिक रूपमा व्यवस्थापन गरिनेछ।
- आम नागरिक तथा विषयगत क्षेत्रको आवश्यकता सम्बोधन हुने गरी वैज्ञानिक आधारमा मौसम, हवाइ मौसम तथा जलवायु सेवाको उत्पादन, विकास र विस्तार गरी सुलभ र पहुँचयोग्य बनाइनेछ।
- मौसम विज्ञानको विकासका लागि नवीनतम प्रविधिको प्रयोग र प्रवर्धन, अध्ययन-अनुसन्धान एवं अन्वेषणलाई प्राथमिकता दिइनेछ।
- मौसमजन्य विपद् तथा जलवायु परिवर्तनबाट हुने जोखिम तथा क्षति न्यूनीकरण गर्न पहुँचयुक्त बहुप्रकोपीय पूर्वानुमान तथा पूर्वसूचना प्रणालीको स्थापना तथा सञ्चालन गरिनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आबद्धता, सहयोग र सहकार्यलाई प्रवर्धन गर्दै मौसम सेवा सबलीकरणका लागि संस्थागत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

प्रमुख कार्यहरू

1. मौसम, हवाई मौसम तथा जलवायुसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, तथ्याङ्क तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने ।
2. देशभर मौसम अवलोकन सञ्जाल (वर्षामापन, हावापानी, कृषि मौसम, सिनोप्टिक/एरोसिनोप्टिक, उच्च पहाडी/हिमाली केन्द्रलगायत) स्थापना, विस्तार तथा सञ्चालन गरी तथ्याङ्क सङ्कलन, गुणस्तर परीक्षण, प्रशोधन, विश्लेषण, अभिलेखीकरण, व्यवस्थापन, प्रकाशन तथा वितरण गर्ने ।
3. मौसम पूर्वानुमान तथा गणितीय मौसम पूर्वानुमान (NWP) प्रणाली सञ्चालन र विकास गरी नियमितदेखि विषम तथा चरम मौसम अवस्थासम्मको पूर्वानुमान सेवा विस्तार गर्ने ।
4. भारी वर्षा, चटमाङ, हुरीबतास, असिना, हुस्सु/कुहिरो, शीतलहर, तातो हावा, हिमपातजस्ता मौसमजन्य जोखिमको अनुगमन, Nowcasting तथा पूर्वानुमान गरी प्रभावमा आधारित (Impact Based) तथा बहुप्रकोपीय (Multihazard) पूर्वसूचना सेवा सञ्चालन गरी विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यमा सहयोग गर्ने ।
5. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार उड्डयन मौसम सेवा सञ्चालन गरी हवाई मौसमसम्बन्धी सूचना, पूर्वानुमान तथा चेतावनी उपलब्ध गराउने र नियमित मूल्याङ्कनका आधारमा सेवा गुणस्तरमा निरन्तर सुधार गर्ने ।
6. नेपालको हिमाली तथा पहाडी भू-बनावटअनुरूप En-route Aviation Meteorological Service, route forecast, turbulence, wind shear, mountain wave, low visibility जस्ता उडड्यन मौसमजन्य जोखिमसम्बन्धी सेवा विकास तथा विस्तार गर्ने ।
7. मौसम राडार, रेडियोसोन्ड, चटमाङ पहिचान सञ्जाल तथा अन्य आधुनिक मौसम अवलोकन प्रणाली स्थापना, सञ्चालन, मर्मतसम्भार, तथ्याङ्क एकीकरण तथा सेवा विकास गर्ने ।
8. जलवायु तथ्याङ्कको विश्लेषण, प्रवृत्ति तथा परिवर्तनको अध्ययन र जोखिम/प्रभाव मूल्याङ्कन गरी कृषि, ऊर्जा, स्वास्थ्य, पर्यटन, विपद् व्यवस्थापनलगायत क्षेत्रका लागि क्षेत्रगत जलवायु सूचना तथा सेवा उपलब्ध गराउने ।
9. आगामी ऋतुको वर्षा, तापक्रम तथा अन्य जलवायु अवस्थाको ऋतुगत पूर्वानुमान, दीर्घकालीन जलवायु परिवर्तनको प्रक्षेपण तथा खडेरी, तातो र चिसो लहरजस्ता जलवायुजन्य जोखिमको सूचना विकास तथा उपलब्ध गराउने ।
10. हिमाली पर्यटन, पर्वतारोहण, पदयात्रा, छजाँ, सुरक्षा तथा विपद् व्यवस्थापनलगायतका लागि हिमाली तथा क्षेत्रगत (Mountain and Sectoral) मौसम सेवा विकास तथा विस्तार गर्ने ।
11. रियलटाइम मौसम तथ्याङ्क व्यवस्थापन तथा डिजिटल मौसम सेवा विकास गरी केन्द्रीय तथ्याङ्क प्रणाली, सभर, नेटवर्क, API, वेब पोर्टल तथा मोबाइलमार्फत सूचना प्रवाह गर्ने ।

12. मौसमजन्य बीमा दाबी, विकास आयोजना, पूर्वाधार निर्माण तथा अनुसन्धानलगायतका लागि मौसम तथ्याङ्क प्रमाणीकरण तथा सेवाग्राही सेवा प्रदान गर्ने ।
13. प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी स्थानीयस्तरमा मौसम, जलवायु, कृषि-मौसम, पूर्वसूचना तथा क्षेत्रगत मौसम सेवा विस्तार गर्ने ।
14. मौसम, हवाई मौसम तथा जलवायु विज्ञानसम्बन्धी अध्ययन, अनुसन्धान, पूर्वानुमान प्रमाणीकरण, मोडल मूल्याङ्कन तथा प्रविधि विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरी अभिलेख राख्ने ।
15. सेवा विकास, गुणस्तर व्यवस्थापन तथा प्राविधिक क्षमता अभिवृद्धिका लागि WMO, ICAO लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग समन्वय, सहकार्य तथा सूचना आदान-प्रदान गर्ने ।

नेपाल मौसम विज्ञान विभाको संगठन संरचना

मौसम विज्ञान विभाग मातहत ६ वटा प्रदेशमा मौसम तथा जलवायु विज्ञान कार्यालयहरु रहेका छन् भने भैरहवा र पोखरामा उड्डयन मौसम सेवा प्रदान गर्ने हेतुले हवाई मौसम कार्यालयहरु रहेका छन्। हाल विभागमा ४८ जना राजपत्रांकित, २१ जना राजपत्र अनंकित र ९ जना श्रेणिविहिन गरी कुल ७८ जनाको दरवन्दी रहेको छ। संगठन संरचना तल संलग्न गरिएको छ।



विभागिय प्रमुख, प्रवक्ता, गुनासो सुन्ने अधिकारी र सूचना अधिकारी

<u>विभागीय प्रमुखः-</u>

नाम :- डा. अर्चना श्रेष्ठ
ईमेल ठेगाना :- dg@dhm.gov.np

<u>प्रवक्ताः-</u>
नामः- विभूती पोखरेल
ईमेल ठेगाना :- dhm.spokesperson@gmail.com
सम्पर्क नं. :- ९८४३९३१२८४

<u>गुनासो सुन्ने अधिकारी :-</u>
नामः- राजुधर प्रधानाङ्ग
ईमेल ठेगाना :- gunaso@dhm.gov.np
सम्पर्क नं. :- ९८४१२०८९३४

<u>सूचना अधिकारीः-</u>
नामः- सुवाष रिमाल
ईमेल ठेगानाः- infonmd.nepal@gmail.com
सम्पर्क नं. :- ९७४४४६२५९४

सर्वसाधारणको लागि विभागबाट उपलब्ध सेवाहरु

सेवा	सम्बन्धित शाखा	सम्पर्क (ईमेल/फोन)
जलवायु तथ्याङ्क सेवा	जलवायु तथ्याङ्क तथा नेटवर्क शाखा	metdatadhm01@gmail.com
जलवायु विश्लेषण सेवा	जलवायु विश्लेषण शाखा	climateupdates_dhm@gmail.com
मौसम पूर्वानुमान सेवा	मौसम पूर्वानुमान शाखा	mfddhm@gmail.com फोनः- १९५५ (ext.०१)
ऋतुगत पूर्वानुमान सेवा	ऋतुगत प्रक्षेपण शाखा	bnepal22@gmail.com
कृषि मौसम सेवा	कृषि मौसम शाखा	dhmagromet2017@gmail.com
उड्डयन मौसम सेवा	त्रि.अ.विमानस्थल उड्डयन मौसम केन्द्र	aviationmet.mfd@gmail.com फोन नं.:- ०१-४११३१३०
हिमाली मौसम सेवा	विषयगत हिमाली मौसम शाखा	himalayanmeteorology@gmail.com

विभागको वेभ ठेगानाः- www.dhm.gov.np

मौसम तथ्याङ्क सम्बन्धि थप जानकारीको लागि :- https://dhm.gov.np/pages/data

जलवायु विश्लेषण शाखाबाट प्रकाशन गरिने रिपोर्टहरुको लागिः-

https://dhm.gov.np/climate-services

कृषि मौसम शाखाबाट प्रकाशन गरिने रिपोर्टहरुको लागिः-

https://dhm.gov.np/agromet-services

मौसम पूर्वानुमान तथा उड्डयन मौसम सेवाको लागिः-

https://dhm.gov.np/mfd/#/

साउन ०१ देखि असोज मसान्त सम्म सेवा प्रदान गर्ने क्रममा विभिन्न शाखाबाट प्रदान भएका मुख्य कार्यहरुको प्रारम्भिक सूची र प्राप्त गुनासोको अवस्था

शाखा	***सेवा प्रदान गर्ने क्रममा सम्पादन भएका मुख्य कार्यहरु***	*संख्या*
उड्डयन मौसम सेवा (त्रि. अ. विमानस्थल उड्डयन मौसम केन्द्र)	MetAR (Meteorological Aviation Report) (प्रत्येक आधा आधा घण्टामा) तयार पारी उड्डयन सेवामा उपलब्ध गराएको र विश्व मौसम तथ्याङ्क संजालमा सम्प्रेषण गरेको	४,४६४
	त्रि. अ. विमानस्थलमा सिनोप रिपोर्ट तयार पारी अन्य १६ वटा विभिन्न सिनोप्टिक मौसम मापन केन्द्रहरुबाट तयार भएको सिनोप रिपोर्ट संकलन गरी विश्व मौसम तथ्याङ्क संजालमा सम्प्रेषण गरेको	७४४
	TAF (Terminal Aerodrome Forecast) तयार गरी विश्व मौसम तथ्याङ्क संजालमा सम्प्रेषण गरेको	३७२
	विशेष मौसम अवस्थाको लागि उड्डयन मौसम सेवाको लागि Sigmet जारी गरिएको	४३
	विशेष मौसम अवस्थाको लागि उड्डयन मौसम सेवाको लागि SPECI जारी गरिएको	१२७
	अन्तर्राष्ट्रिय उडानको लागि Flight Folder तयार पारि सम्बन्धित उडान कम्पनीहरुलाई उपलब्ध गरिएको	२०४४
	आन्तरिक उडानको लागि Flight Folder तयार पारि सम्बन्धित उडान कम्पनीहरुलाई उपलब्ध गरिएको	९३
	विभिन्न अन्तर्राष्ट्रिय उडानको लागि Take Off Data उपलब्ध गराएको	९५०
मौसम पूर्वानुमान शाखा	मौसम पूर्वानुमान बुलेटीन (आगामि तीन दिनको)(दिनको दुई पटक)	१८६
	तोकिएको २० वटा शहरहरुको मौसम पूर्वानुमान (दिनको दुई पटक)	१८६
	मनसुन आगमन बुलेटिन	३
	मनसुन बहिर्गमन बुलेटिन	२
	विशेष मनसुन बुलेटिन	३
	विशेष मनसुन बुलेटिन (Depression)	१
	विशेष मनसुन बुलेटिन (Depression) (अद्यावधिक)	४
	मनसुन अबधिभरि विभिन्न पालिकामा जारी भएको प्रभावमा आधारित मौसम पूर्वानुमान (IBF) बुलेटिन	५८
	मौसम पूर्वानुमान सम्बन्धमा देश तथा विदेशबाट ११५५ मा प्राप्त फोन कलको संख्या	२८०००
	मौसम सम्बन्धमा जारी भएको लाईभ भिडियो	११७
	सप्ताहिक मौसम पूर्वानुमान बुलेटिन	१३
	फेसबुक पोष्ट	१०००
	भोटेकोशी बाढी प्रभावितको लागि विशेष मौसम बुलेटिन	३७
	पर्वतारोहण लक्षित मौसम पूर्वानुमान	९३
जलवायु विश्लेषण शाखा	दैनिक तापक्रम र वर्षा विवरण समेटिएको मौसम रिपोर्ट	९३
	दैनिक तापक्रम अनुगमन रिपोर्ट (तोकिएको २० मौसम मापन केन्द्रहरुको)	९३
	दैनिक वर्षा अनुगमन रिपोर्ट (तोकिएको २० मौसम मापन केन्द्रहरुको)	९३

	ऋतुगत मौसम अवलोकन रिपोर्ट	१
	ऋतुगत मौसम सारांश रिपोर्ट	१
	मासिक मौसम सारांश रिपोर्ट	३
	विशेष मौसम रिपोर्ट (Situational)	२
	विशेष मनसुन रिपोर्ट	३
	National NFCS(National Framework for Climate Services) Awareness and Scoping Workshop (2083.06.21) सम्पन्न	१
जलवायु तथ्याङ्क तथा नेटवर्क शाखा	तोकिएको शुल्क लिई व्यक्तिलाई जलवायु तथ्याङ्क उपलब्ध गराएको	१५१
	तोकिएको शुल्क लिई आयोजनालाई जलवायु तथ्याङ्क उपलब्ध गराएको	६३
	ईन्सुरेन्स दाबिको लागि जलवायु तथ्याङ्क उपलब्ध गराएको	२९३
कृषि मौसम शाखा	साप्ताहिक कृषि मौसम सल्लाह बुलेटिन तयार गरिएको	१३
	खडेरीसँग सम्बन्धित मासिक SPI रिपोर्ट तयार पारिएको	४

विभागमा प्राप्त गुनासोको अवस्था

प्राप्त गुनासोको संख्या	समाधान भएको गुनासोको संख्या	प्रक्रियामा रहेको गुनासोको संख्या
११	१०	१

विभागमा रहेका महाशाखा र शाखाहरुको कार्यविवरण

जलवायु विज्ञान महाशाखा

जलवायु विज्ञान महाशाखाको काम कर्तव्य र अधिकार	
❖ जलवायु विज्ञान (climate) सम्वन्धी नीति, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि कार्यान्वयनको साथै अध्ययन, अनुसन्धान, परामर्श लगायतका कार्यहरु गर्ने, गराउने । ❖ जलवायु विज्ञान सम्बन्धि सम्पूर्ण क्रियाकलापहरुको संचालन, योजना, विकास र विस्तार व्यवस्थापनको साथै अनुगमन, मुल्याङ्कन, नियमन, बार्षिक योजना कार्यान्वयन तथा प्रगति प्रतिवेदन सम्बन्धि कार्य गर्ने गराउने। ❖ जलवायु विज्ञान सम्वन्धि एकिकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको संचालन गर्ने गराउने । ❖ हावापानी नेटवर्क व्यवस्थापन, तथ्यांक संकलन, गुणस्तर परिक्षण, प्रशोधन, प्रकाशन, प्रमाणिकरण तथा बिक्रि वितरणको व्यवस्थापन गर्ने । ❖ जलवायु विज्ञान सम्बन्धि प्रारुप संचालन, विश्लेषण, आंकलन, सूचना संप्रेषणको साथै तथ्यांक संकलन, प्रकाशन गर्ने । ❖ जलवायु केन्द्रहरुको स्थापना, संचालन, स्तरोन्नति, स्थानान्तरण वा केन्द्र मिलानमा मातहतका कार्यालयहरुलाई सहमति प्रदान गर्न आवश्यक व्यवस्था मिलाउने । ❖ मौसम तथा जलवायु केन्द्रहरुको नियमित सञ्चालनार्थ आवश्यक उपकरण, स्पेयर्स र मर्मत सम्भारको ब्यवस्था मिलाउने । ❖ विभाग मातहतका कार्यालय तथा केन्द्रहरुलाई कृषि मौसम र जलवायु सम्वन्धस सूचना तयार गर्न प्राविधिक सहयोगको ब्यवस्था मिलाउने । ❖ जलवायु सम्वन्धी राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रिय स्तरका सम्बन्धित निकाय तथा अन्य सरोकारवालाहरुसंग सम्पर्क, समन्वय र सहकार्य गर्ने। ❖ हावापानी नेटवर्क सम्वन्धि अध्ययन अनुसन्धान, सम्वन्धन तथा नियमन गर्ने। ❖ महानिर्देशकबाट तोकिए बमोजिम वा प्रत्यायोजित अधिकार बमोजिम अन्य थप कार्य गर्ने, गराउने ।	
१.१.१ जलवायु तथ्यांक तथा नेटवर्क शाखा	❖ जलवायु विज्ञान सम्वन्धि एकिकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको संचालन, अनुगमनको साथै नियमित रुपमा तथ्यांकहरुको संकलन, गुणस्तर परिक्षण, प्रशोधन र प्रकाशन गर्ने । ❖ सरोकारवालाहरुको माग वमोजिम प्रचलित विधि पुर्‍याई जलवायु विज्ञान सम्वन्धी प्रशोधित तथ्याङ्क विक्री वितरण ❖ विमा दावी तथा अन्य प्रयोजनका लागि हावापानीका तथ्याङ्क/प्रकोप प्रमाणीकरण सम्वन्धी कार्य गर्ने । ❖ जलवायु तथ्यांक अवलोकन, संकलन, प्रशोधन, प्रकाशन तथा गुणस्तर व्यवस्थापनमा एकरुपता कायम गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने । ❖ जलवायु तथ्यांक तथा नेटवर्क व्यवस्थापन सम्बन्धमा अन्तर शाखा र मातहतका कार्यालयहरु तथा प्रदेश र स्थानीय तहसंग आवश्यक समन्वय तथा सहकार्य गर्ने । ❖ आफ्नो वा अन्य निकायसंगको सहकार्यमा गरिने मौसम केन्द्रहरुको स्थापना, संचालन, स्तरोन्नति, स्थानान्तरण वा केन्द्र मिलानमा विभागीय सहमति प्रदान आवश्यक समन्वय गर्ने। ❖ त्रैमासिक/बार्षिक रुपमा मातहतका कार्यालयहरुबाट प्राप्त हुने केन्द्र तथा तथ्यांक सम्बन्धि विस्तृत विवरणको अभिलेख अध्यावधिक गर्ने । ❖ नेटवर्क सञ्चालन, केन्द्रको इन्डेक्स नम्बर दिने, सम्वन्धन तथा नियमन गर्ने ❖ केन्द्र स्थापना तथा सञ्चालन सम्वन्धि विभागको योजना तयार गर्ने । ❖ जलवायु विज्ञानसंग सम्बन्धि कार्यशाला, गोष्ठि, तालिम तथा कार्यक्रम आयोजना गर्ने ❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्ने र महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन गरी प्रतिवेदन गर्ने ।	

	❖ शाखासंग सम्वन्धित सम्पुर्ण तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । ❖ महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । ❖ महाशाखाबाट तोकिएअनुसारका अन्य थप कार्यहरु गर्ने
१.३.२ जलवायु विश्लेषण शाखा	❖ जलवायु सम्बन्धि तथ्याङ, आंकलन, बुलेटिन, अध्ययन, अनुसन्धान, सूचना तथा जानकारीहरुको संकलन, विश्लेषणको साथै देशैभरका जलवायुको अवस्थाको नियमित अनुगमन गर्ने ❖ जलवायु सम्बन्धि प्रारुप (Climate Model) संचालन तथा प्राप्त आंकलनको विश्लेषण गर्ने र विश्लेषित आंकलनहरु मातहतका निकायहरुमा समेत पठाउने। ❖ जलवायुको दैनिक, साप्ताहिक, मासिक, ऋतुगत र बार्षिक अवस्थाको नियमित वुलेटिन तयार गरीआवश्यकता अनुसार सरोकारवालाहरुलाई संप्रेशण गर्ने । ❖ विषम जलवायुको अवस्थामा विशेष सूचकहरु (ndex) तथा उच्च हिमालय क्षेत्रको हिउँ ऊर्जा सन्तुलनको थप अध्ययन, अनुसन्धान गरी विश्लेषण तयार गर्ने । ❖ जलवायु विश्लेषण सम्वन्धि सूचना र वुलेटिनहरु विभाग मातहतका कार्यालयमा पठाउने तथा माग बमोजिम प्रदेश र स्थानीय तहलाई सेवा प्रवाहको व्यवस्था मिलाउने । ❖ जलवायु सम्बन्धि तथ्यांक, आंकलन, बुलेटिन, सूचना तथा जनकारीहरुको अभिलेख अध्यावधिक गर्ने । ❖ नेपालको लागि उपयुक्त जलवायु परिवर्तन प्रारुपहरु (Global Climate Model) को छनोटको लागि अध्ययन अनुसन्धान गर्ने तथा नेपालको जलवायु विश्लेषण, आंकलन गर्ने । ❖ जलवायु परिवर्तन सम्बन्धी क्षेत्रिय गणितिय प्रारुपहरु (Regional Climate Model) विकास तथा प्रारुपहरु संचालन गर्ने। ❖ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सम्वन्धित निकाय तथा अन्य सरोकारवाला संस्थाहरुसंग नियमित अन्तर्क्रिया, छलफलको साथै सहकार्य गर्ने ❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्ने र महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन गरी प्रतिवेदन गर्ने । ❖ शाखासंग सम्वन्धित सम्पुर्ण पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । ❖ महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।
१.३.३ कृषि मौसम शाखा	❖ कृषि जलवायु सम्बन्धि तथ्याङ, आंकलन, बुलेटिन, अध्ययन, अनुसन्धान, सूचना तथा जानकारीहरुको संकलन, विश्लेषणको साथै देशैभरका कृषि जलवायुको अवस्थाको नियमित अनुगमन गर्ने ❖ कृषि जलवायु सम्बन्धि प्रारुप संचालन तथा प्राप्त आंकलनको विश्लेषण गरि नियमित रुपमा कृषि मौसम सम्बन्धि दैनिक, साप्ताहिक, मासिक, बार्षिक वुलेटिन तयार गर्नुका साथै कृषि सम्बन्धि प्रकोप या अन्य विषम परिस्थितिमा समेत विशेष बुलेटिन तयार गर्ने । ❖ कृषि मौसम र जलवायु सम्बन्धि सूचकहरु (Index) को थप अध्ययन, अनुसन्धान गरी विश्लेषण तयार गर्ने । ❖ राष्ट्रिय साप्ताहिक कृषि मौसम सल्लाह बुलेटिन तयार गर्न कृषिसंग सम्बन्धित निकायहरुलाई आवश्यक तथ्यांक, आंकलन लगायतका सूचना तथा जानकारीहरुको साथै अन्य सरोकारवाला निकायहरुलाई कृषि मौसम सम्बन्धि तथ्यांक, आंकलन, सूचना तथा जानकारी नियमितरुपमा संप्रेषण गर्ने । ❖ कृषि मौसमसंग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका निकाय तथा अन्य सरोकारवाला संस्थाहरुसंग नियमित अन्तर्क्रिया, छलफल मार्फत राय, परामर्श प्रदान गरि आवश्यकता अनुसार सहकार्य समेत गर्ने । ❖ कृषि जलवायु सम्बन्धि तथ्यांक, आंकलन, बुलेटिन, सूचना तथा जनकारीहरुको अभिलेख अध्यावधिक गर्ने ।

	❖ कृषि जलवायु विश्लेषण शाखाको वार्षिक योजना कार्यक्रम तथा आवधिक प्रगति प्रतिवेदन तयार गर्ने । ❖ कृषि जलवायु विश्लेषण शाखा अन्तर्गतका कर्मचारीहरुको जिम्मेवारि बाँडफाँड तथा केन्द्र निरिक्षण भ्रमणको योजना तयार गर्ने । ❖ कृषि जलवायु विश्लेषण सम्वन्धि सूचना र वुलेटिनहरु विभाग मातहतका कार्यालयमा पठाउने तथा माग बमोजिम प्रदेश र स्थानीय तहलाई सेवा प्रवाहको व्यवस्था मिलाउने । ❖ कृषि जलवायु तथ्यांक संकलन, विश्लेषण, आंकलन तथा प्रारुप संचालन लगायतका विषयहरुमा कार्यशाला, गोष्ठि, तालिम तथा कार्यक्रम आयोजना गर्ने । ❖ तोकिएअनुसारका अन्य थप कार्यहरु गर्ने ।
१.३.४ मौसम उपकरण व्यवस्थापन तथा क्यालिब्रेशन शाखा	❖ वागमती प्रदेश अन्तर्गतका म्यानुअल तथा स्वचालित मौसम केन्द्रहरुको उपकरणहरुको व्यवस्थापन, उपकरण सञ्चालन भएनभएको अभिलेख गर्ने गराउने। ❖ उपकरण खरिद, सञ्चालन र मर्मतसम्भारका लागि आवश्यक म्यानुअल तथा मापदण्डहरु तयार गरी मातहतका निकायमा समेत पठाउने र मापदण्ड बमोजिम काम भए नभएको अनुगमन गर्ने । ❖ मौसम सम्बन्धि उपकरणहरुको लागि केन्द्रिय क्यालिब्रेशन ल्याव सञ्चालन तथा व्यवस्थापन गर्ने । ❖ रेडियोसोण्ड उपकरणहरुको ब्यवस्था मिलाउने तथा नियमित अनुगमन र मर्मतसुधार गर्ने गराउने। ❖ देशभरका स्वचालित मौसम मापन केन्द्रहरुमा जडान भएका मौसम उपकरणहरुको लगत राख्ने । ❖ देशभरका स्वचालित मौसम मापन केन्द्रहरुको सञ्चालनार्थ स्पेशिफिकेशन तथा अनुगमनका लागि आवश्यक मापदण्ड र निर्देशिकाको खाँका तयार गरी महाशाखामा सिफारिस गर्ने र महाशाखाको निर्णय भएपश्चात कार्यन्वयनका गर्ने गराउने । ❖ स्वचालित केन्द्रहरुको तथ्याङ्क नियमितरुपमा केन्द्रिय सर्भरमा प्राप्त हुने गरी सुचना प्रविधि शाखाको समन्वयमा आवश्यक व्यवस्था मिलाउने र केन्द्रहरुबाट नियमित तथ्याङ्क सम्प्रेषण भए नभएको अनुगमन गर्ने ❖ विभाग मातहतका कार्यालयहरुबाट मौसम केन्द्रका उपकरणहरुको हकमा मर्मत सम्भार हुन नसकेका मौसम उपकरणहरु विभागको ल्यावमा ल्याइ मर्मत सम्भार गर्ने र मर्मत गरी सम्बन्धित निकायमै पठाउने । ❖ मौसम विज्ञानमा आवश्यक पर्ने मौसम उपकरणहरुको ब्यवस्था मिलाउने र निर्देशन बमोजिम जडान गर्न आवश्यक ब्यवस्था मिलाउने । ❖ रेडियोसोण्ड केन्द्र तथा अन्य विशेष मौसम केन्द्रहरुको सञ्चालनार्थ आवश्यक उपकरणको व्यवस्थापन, मर्मत सम्भार र सो केन्द्रहरुबाट प्राप्त तथ्याङ्कहरुको अनलाइन अनुगमन गर्ने गराउने तथा प्राप्त सुचनाहरु आवश्यकता अनुसार सम्वन्धित सम्वन्धित शाखामा उपलब्ध गराउने । ❖ स्वचालित केन्द्रबाट प्राप्त तथ्याङ्कहरुको अनलाइन अनुगमनबाट भेरिफिकेशन (Online data Verification) गरी गराइ तथयाङ्कको गुणस्तर कायम राख्न आवश्यक पल्याटफर्म निर्माण गर्ने गराउने । ❖ विभाग मातहतका कार्यालयहरुबाट बर्षा र तापक्रम जस्ता मौसम सेन्सरहरुको खरिद कार्यमा आवश्यक विभागीय प्राविधिक सहयोग प्रदान गर्ने तथा अन्य मौसम सेन्सरहरु विभागबाट खरिद गर्न आवश्यक ब्यवस्था मिलाउने । ❖ मातहतका निकायहरुबाट माग भै आएका स्पेयर्स उपकरणहरु विभागको मौज्दातबाट आवश्यकता हेरी पठाउने र लगत राख्ने । विभागमा उपलब्ध नभएमा सो को जानकारी सम्वन्धित निकायलाई दिने । ❖ देशभर विमानस्थल भित्र जडान रहेका स्वचालित मौसम केन्द्रहरुको तथ्याङ्क नियमितरुपमा केन्द्रिय सर्भरमा प्राप्त हुने गरी आवश्यक ब्यवस्था मिलाउने र नियमित तथ्याङ्क सम्प्रेषण भए नभएको अनुगमन गर्ने । ❖ शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल ब्यक्तिका रुपमा कार्य गर्ने ।

	❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने । ❖ शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपी तथा डिजिटल प्रतिहरु सुरक्षित अभिलेख राख्ने । ❖ महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने।
१.३.५ ऋतुगत प्रक्षेपण शाखा	❖ वर्षा तथा तापक्रमको ऋतुगत तथा अन्तरऋतुगत जलवायु पूर्वानुमान तयार गर्ने। ❖ अन्तर्राष्ट्रिय स्रोतबाट प्राप्त ऋतुगत तथा अन्तरऋतुगत पूर्वानुमान सङ्कलन गरी नेपालका लागि उपयुक्त प्रारुपहरुको पहिचान, विश्लेषण तथा सिफारिस गर्ने। ❖ अन्तर्राष्ट्रिय संस्थाहरुबाट प्रवाहित global predictions हरुको Statistical र dynamical downscaling को प्रयोग गरी राष्ट्रियस्तरको ऋतुगत तथा अन्तरऋतुगत मौसम पूर्वानुमान तयार गर्ने। ❖ जारी गरिएका ऋतुगत तथा अन्तरऋतुगत जलवायु पूर्वानुमानको प्रमाणीकरण (Verification), मूल्याङ्कन तथा गुणस्तर सुधार गर्ने। ❖ ऋतुगत तथा अन्तरऋतुगत जलवायु पूर्वानुमान सम्बन्धी अनुसन्धान, अध्ययन तथा सो सम्बन्धी प्रारुपहरुको विकास र प्रयोगमा सहकार्य गर्ने। ❖ ऋतुगत तथा अन्तरऋतुगत जलवायू पूर्वानुमानका लागि Predictability source हरु (जस्तै ENSO (El Niño/La Niña), IOD, MJO, NAO, PDO) लगायतका विश्वव्यापी जलवायु प्रणालीहरूको निरन्तर खोज, अनुसन्धान, निगरानी तथा विश्लेषण गर्ने। ❖ ऋतुगत तथा अन्तरऋतुगत जलवायू पूर्वानुमानका लागि आवश्यक डेटाबेस, अभिलेख तथा सूचना प्रणालीको व्यवस्थापन र अद्यावधिक गर्ने। ❖ सरोकारवाला निकाय तथा आमसञ्चार माध्यमलाई ऋतुगत तथा अन्तरऋतुगत जलवायू पूर्वानुमान सम्बन्धी सूचना, परामर्श तथा प्राविधिक सहयोग उपलब्ध गराउने। ❖ शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल व्यक्तिका रुपमा कार्य गर्ने । ❖ शाखासंग सम्बन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने ।
१.३.६ विषयगत तथा हिमालि मौसम शाखाको	❖ देशभरका हिमाली तथा उच्च पहाडी क्षेत्रको मौसम तथा जलवायु सम्बन्धी अवलोकन, विश्लेषण, पूर्वानुमान तथा सूचना प्रणालीको विकास, सञ्चालन र सुदृढीकरण गर्ने। ❖ हिमाली क्षेत्रमा हुने हिमपात, हिमआँधी, चिसो लहर, हिमताल विस्फोट (GLOF) लगायतका मौसमजन्य तथा जलवायुसम्बन्धी जोखिमहरूको निगरानी, विश्लेषण तथा पूर्वसूचना प्रणाली सञ्चालन गर्ने। ❖ हिमाली मौसम पूर्वानुमान, पर्वतारोहण मौसम बुलेटिन तथा हिमाली पर्यटन, उद्धार तथा पर्वतारोहण गतिविधिका लागि आवश्यक मौसम सेवा प्रदान गर्ने। ❖ हिमाली तथा विषयगत मौसम अवलोकन केन्द्र, स्वचालित मौसम केन्द्र तथा अन्य प्राविधिक उपकरणहरूको स्थापना, सञ्चालन, मर्मत तथा स्तरोन्नति गर्ने। ❖ हिमाली क्षेत्रको मौसम, हिमपात, तापक्रम, वर्षा तथा अन्य मौसमीय तथ्याङ्क सङ्कलन, प्रमाणीकरण, अभिलेखीकरण, विश्लेषण तथा प्रकाशन गर्ने। ❖ कृषि, ऊर्जा, पर्यटन, विपद् जोखिम न्यूनीकरण, जलस्रोत, वातावरण तथा अन्य क्षेत्रका लागि आवश्यक विषयगत मौसम सेवा तथा विशेष पूर्वानुमान विकास गरी उपलब्ध गराउने।

	❖ मौसम तथा जलवायु सम्बन्धी अनुसन्धान, अध्ययन, नवप्रवर्तन तथा प्रविधि विकासका कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने। ❖ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग हिमाली मौसम तथा जलवायु सम्बन्धी सूचना, प्रविधि, अनुसन्धान तथा क्षमता विकासमा सहकार्य, समन्वय तथा प्रतिनिधित्व गर्ने। ❖ हिमाली तथा विषयगत मौसम सेवासम्बन्धी नीति, रणनीति, मापदण्ड, कार्यविधि तथा निर्देशिका तर्जुमा, कार्यान्वयन तथा समीक्षा गर्ने। ❖ मौसम पूर्वानुमानको गुणस्तर अभिवृद्धि गर्न संख्यात्मक मौसम पूर्वानुमान (Numerical Weather Prediction), रिमोट सेन्सिङ, उपग्रह तथा राडारबाट प्राप्त सूचनाको उपयोग र विश्लेषण गर्ने। ❖ मौसम तथा जलवायु सेवासम्बन्धी जनशक्ति विकास, क्षमता अभिवृद्धि, तालिम, प्राविधिक परामर्श तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। ❖ मौसमजन्य विपद्का अवस्थामा सम्बन्धित निकायहरूसँग समन्वय गरी समयमै पूर्वसूचना, प्राविधिक सहयोग तथा आवश्यक मौसम सूचना उपलब्ध गराउने। ❖ शाखाको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्यहरू सम्पन्न गर्ने। ❖ प्रचलित कानून, नीति तथा विभागीय निर्देशन बमोजिम विषयगत तथा हिमाली मौसम सेवासम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने। ❖ विभाग वा नेपाल सरकारबाट तोकिएका हिमाली मौसम, विषयगत मौसम सेवा तथा जलवायु सम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने।

१.४ मौसम पूर्वानुमान महाशाखा

मौसम पूर्वानुमान महाशाखाको काम कर्तब्य र अधिकार	
❖ सर्वसाधारण मौसम तथा उड्डयन मौसमसंग सम्वन्धी नीति, नियम, मापदण्ड, योजना तथा वजेट तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने। ❖ मौसमजन्य विपद व्यवस्थापन सम्वन्धी राष्ट्रिय योजना, अन्तर्राष्ट्रिय मापदण्ड, सन्धि, अभिसन्धिको परिधिभित्र रहेर दिर्घकालिन, अल्पकालिन योजना तयार गर्ने तथा वार्षिक बजेट, कार्यक्रम तर्जुमा गर्ने। ❖ सर्वसाधारण मौसम, सेक्टोरल मौसम तथा उड्डयन मौसम सेवा प्रवाहका लागि संस्थागत, भौतिक, प्राविधिक पूर्वाधारहरुको विकास, सम्भार, स्तरोन्नति सम्बन्धी कार्य गर्ने। ❖ मौसम सम्वन्धि प्रारुपहरु संञ्चालन, मौसम राडार तथा भूउपग्रह लगायतका थप प्रविधिको व्यवस्थापन गर्दै देशभरको दैनिकरुपमा मौसम अवस्थाको नियमित अनुगमन, विश्लेषण गर्न आवश्यक प्रवन्ध मिलाउने । ❖ सर्वसाधारणका लागि मौसम पुर्वानुमान लगायत पर्वतारोहण, कृषि तथा विभिन्न मुख्य शहरहरुको दैनिक पुर्वानुमान तथा अन्य क्षेत्रबाट माग भए वमोजिमको थप मौसम पुर्वानुमान सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने । ❖ ICAO को मापदण्ड अनुसार त्रिभुवन विमानस्थलबाट उड्डयन मौसम सुचनाहरु (METAR, SPECI) र पुर्वानुमान सेवाहरु (TAF, TREND FORECAST, AVIATION ENROUTE FORECAST, TAKE OFF AND LANDING FORECAST etc) प्रवाह गर्न आवश्यक प्रवन्ध मिलाउने । ❖ काठमाण्डौ एयरपोर्ट एरोसिनप केन्द्र सञ्चालन तथा सञ्चार उपकरणको व्यवस्थापन, देशभर रहेका एरोसिनप्टिक तथा सिनप्टिक केन्द्रहरुले भू सतहबाट मापदण्ड बमोजिम संकलित तथ्याङ्क, मौसम सूचना तथा अन्य जानकारीहरु प्राप्त गरी विश्लेषण गर्न र WMO/ICAO संग सुचना आदान प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने । ❖ देशभरका अन्तराष्ट्रिय विमानस्थलहरुमा हवाई मौसम सेवाको गुणस्तर कायम राख्न आवश्यक कार्यक्रम गर्ने गराउने । ❖ प्रचलित निजामती सेवा ऐन नियम अनुसार मातहतका शाखा तथा कर्मचारीहरुको काम, कर्तब्य र अधिकार तोकी अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण गर्नुका साथै विभाग अन्तर्गतका महाशाखा र कार्यालयहरु तथा उड्डयनसंग सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य समेत गर्ने । ❖ महाशाखा र शाखासंग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यन्वयन गर्नुको साथै महाशाखाको कार्यसंग सम्बन्धित क्षेत्रको तालिम, कार्यशाला, अध्ययन, अनुसन्धान गर्ने, गराउने तथा महा-निर्देशकज्युबाट माग भए अनुसार राय परामर्श दिने । ❖ महानिर्देशबाट तोकिए बमोजिम वा प्रत्यायोजित अधिकार बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।	
१.४.१ मौसम पुर्वानुमान शाखा	❖ उपलब्ध मौसम प्रारुपहरु, मौसमसंग आवश्यक प्रविधि तथा भूउपग्रहहरुबाट प्राप्त वायुमण्डलको तस्विर लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय मौसम केन्द्रहरुबाट प्राप्त , सूचना, तथा जानकारीहरुको ३६५ दिन दुई सिफ्टमा नियमित अनुगमन तथा विश्लेषण गर्ने । ❖ शाखाबाट आवश्यकता अनुसार मनसुन अवधिमा २४ सै घण्टा मौसम पुर्वानुमान तथा पूर्वसूचना सेवा प्रदान गर्ने । ❖ देशभरको समग्र मौसम अवस्थाको नियमित अनुगमन तथा विश्लेषण गरि सर्वसाधारणका लागि दैनिकरुपमा नियमित मौसम पूर्वानुमान तथा अन्य क्षेत्रबाट माग भए बमोजिमका थप मौसम पुर्वानुमान र सुचनाहरु प्रदान गर्ने । ❖ देशभर स्थापित सिनोप्टिक केन्द्रहरुबाट WMO को मापदण्ड अनुसार तीन तीन घण्टामा अवलोकन गरिएका मौसम तथ्याङ्क तथा सुचनाहरु संकलन गरि WMO को संजालमा संप्रेषण गर्ने तथा दक्षिण एसिया लगायतका आसपास क्षेत्रमा अवलोकन गरिएका मौसम हरु समेत प्राप्त गरी दैनिक रुपमा तोकिए बमोजिम सतही मौसम नक्सामा उतार गरी समग्र मौसमको विश्लेषण गर्ने । ❖ दैनिक विहान/साँझ दुइपटक मौसम पूर्वानुमान (Today/Tonight Weather Forecast), आगामी पाँच देखि सात दिनसम्मको दैनिक मौसम पुर्वानुमान बुलेटिन (Weather Forecast Bulletin), आगामी २४ घण्टाको	

	पर्वतारोहण/उच्च हिमाली मौसमको लागि मौसम पुर्वानुमान (Mountain Forecast) र देशका मुख्य शहरहरुको दैनिक विहान/साँझ दुइपटक मौसम पुर्वानुमान (City Weather Forecast) प्रदान गर्ने । ❖ अतिजन्य र विषम मौसम अवस्था (जस्तै भारि वर्षा, जाडोको समयमा देखा पर्ने हुस्सु, कुहिरो तथा शितलहरका साथै गर्मि मौसममा देखा पर्ने सुख्खा खडेरि, तातो हावा, आँधिवेहरी) बाट जनताको जीउ धनको सुरक्षा र न्युनीकरणको लागी तत्कालै आकस्मिक वुलेटिन तथा चेतावनी तयार गरी महाशाखा मार्फत जारी गर्ने र विभिन्न संचार माध्यमबाट संप्रेशण तथा अध्यावधिक गर्दै इमेलबाट विपदसंग सम्बन्धित सरकारी निकायमा जानकारी दिने । । ❖ मौसम राडार, रेडियोसोण्ड केन्द्र लगायत विशेष मौसम केन्द्रहरुबाट प्राप्त हरु तथा सम्वन्धित शाखाबाट प्राप्त प्रडक्टहरुको समेत विश्लेषण गरी पूर्वानुमान तथा पूर्वसूचना दिने तथा अभिलेख समेत गर्ने । ❖ टेलिफोन लगायतका संचार माध्यमबाट माग भए बमोजिम मौसम सम्बन्धि दैनिक तत्कालै मौसम पुर्वानुमान, सुचना र जानकारी दिने तथा आवश्यकता अनुसार दैनिक मेडिया ब्रिफिङ्ग समेत गर्ने । ❖ शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभागका शाखाहरु तथा विभिन्न सरकारी र गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल व्यक्तिका रुपमा कार्य गर्ने । ❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने । ❖ शाखासंग सम्वन्धित सम्पुर्ण पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको सुरक्षित अभिलेख राख्ने । ❖ महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।
१.४.२ मौसम मोडेलिङ्ग शाखा	❖ मौसमसंग सम्वन्धि विभिन्न प्रारुपहरुको नियमित सञ्चालन गर्ने । ❖ मौसम प्रारुपबाट प्राप्त हालको तीनको प्रारुपलाई पाँच दिन देखि सात दिनसम्मको पूर्वानुमानहरुको विश्लेषण तयार गर्ने र सम्वन्धित शाखाहरुमा उपलब्ध गराउने वा गराउन आवश्यक व्यवस्था मिलाउने । ❖ प्रारुपहरुलाई समय समयमा क्यालिब्रेशन (Calibration) तथा पूर्वानुमानहरुको भ्यालिडेशन (Validation) समेत गर्ने गराउने। ❖ प्रारुपहरुबाट प्राप्त पूर्वानुमान सही र भरपर्दो बनाउन विभिन्न Experimental study गर्ने गराउने । ❖ प्रारुपहरुबाट प्राप्त मौसम पूर्वानुमानको स्तर मापन गर्न मासिक, ऋतुगत, वार्षिकरुपमा Weather Forecast Verification विवरण तयार गर्ने । ❖ नेपालका लागि उपयुक्त प्रारुपहरुको पहिचान, विश्लेषण तथा सिफारिस गर्ने ❖ प्रारुप सञ्चालन गरी पर्यटन मौसम पूर्वानुमान तथा पूर्वसुचना तयार गरी सम्वन्धित शाखालाई वा वेभसाइट मार्फत उपलब्ध गराउने । ❖ शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल व्यक्तिका रुपमा कार्य गर्ने । ❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने । ❖ शाखासंग सम्वन्धित सम्पुर्ण प्रारुप पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । ❖ महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने ।
१.४.३	❖ राष्ट्रिय तथा अन्तराष्ट्रिय उडानलाई मौसमका दृष्टिले विश्वसनीय र भरपर्दो बनाउन विभाग मातहतका शाखा/कार्यालय/ विमानस्थल स्थित उड्डयन मौसम केन्द्रहरु, सम्बन्धित विमानस्थलहरु र उड्डयनसंग सम्वन्धि निकायहरुसंग सम्बन्ध विस्तार, समन्वय र सहकार्य गर्ने ।

उड्डयन मौसम मापदण्ड तथा समन्वय शाखा	❖ नेपाल नागरिक उडडयन प्राधिकरणसंग आवश्यकता अनुसार समझदारी पत्र तयार गर्न समन्वय गर्ने र माग बमोजिम देशभरका विमानस्थलहरुमा हवाई मौसमसंग सम्वन्धित , सुचना तथा पूर्वानुमानहरु उपलब्ध गराउन खाँका तयार गरी महाशाखामा पेश गर्ने र निर्देशन बमोजिम आवश्यक व्यवस्था मिलाउने । ❖ देशभरका राष्ट्रिय तथा अन्तराष्ट्रिय विमानस्थलहरुबाट प्रवाह हुने हवाई मौसम सूचना र पूर्वानुमानमा गुणस्तर कायम गर्न एकिकृत प्रणालीको विकास र स्थापना गरी अनुगमन, समन्वय गरी निर्देशनहरु कार्यन्वयन गर्ने गराउने । ❖ उड्डयन मौसमसंग सम्बन्धित ICAO तथा WMO ले तोके वमोजिमका मापदण्ड र निर्देशिकाहरुको पालना गर्ने, गराउने तथा शाखाको कार्य प्रकृतिसंग सम्बन्धित अन्य सरकारी तथा गैरसरकारी निकायहरुसंग फोकल व्यक्तिका रुपमा कार्य गर्ने । ❖ ICAO को संजाल तथा विमानस्थलहरुमा रहेका AWOS केन्द्रहरुको अनुगमन, संचालनको सुनिश्चितता, उपकरण क्यालिब्रेशन, इन्भेन्ट्रि निर्माण र ICAO को संजाल लगायत हवाई मौसमसंग संवद्ध प्रविधिहरु तथा संचार व्यवस्था दुरुस्त राख्न आवश्यक योजना निर्माण गर्ने तथा कार्यक्रम सञ्चालन गर्ने गराउने । ❖ ICAO तथा WMO को मापदण्ड र निर्देशिका बमोजिम उड्डयन मौसम सेवा प्रवाहका लागि आवश्यक निर्देशिका, मानक सञ्चालन प्रक्रियाहरू (Standard Operating Procedures), दिशानिर्देशहरू (Guidelines) आदी तयार गर्ने र सेवाको गुणस्तर कायम राख्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विमानस्थलमा कार्यरत कर्मचारीहरुका लागि विभिन्न तालिम, कार्यशाला र कार्यक्रम आयोजना गर्ने वा सहभागी हुने । ❖ देशभर विमानस्थलहरुमा हवाई मौसम सेवाको आन्तरिक अडिट गरी महाशाखा मार्फत विभागमा प्रतिवेदन गर्ने र निर्देशन बमोजिम बाह्य अडिटमा समेत आवश्यक सहयोग गर्ने । ❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन तथा प्रतिवेदन गर्ने गराउने । ❖ शाखासंग सम्वन्धित सम्पुर्ण सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । ❖ महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने । ❖
१.४.४ राडार व्यवस्थापन तथा संचार शाखा	❖ देशभरका मौसम राडार लगायतका आणविक विकिरण केन्द्र, चट्टयाङ्ग केन्द्रहरुको सञ्चालन तथा व्यवस्थापन गर्ने तथा आवश्यकता अनुसार मातहतको कार्यालयलाई सहयोग गर्ने। ❖ मौसम राडार लगायतका केन्द्रहरुको नियमित सञ्चालनका लागि आवश्यक स्पेयर्सहरुको व्यवस्थापन मिलाउने । ❖ मौसम राडार लगायतका उपकरणहरुको व्यवस्थापनका लागि आवश्यक मापदण्ड र निर्देशिकाको खाँका तयार गरी महाशाखामा सिफारिस गर्ने र महाशाखाको निर्णय भएपश्चात कार्यन्वयनका लागि मातहतका राडारसंग सम्वन्धित निकायमा समेत पठाउने । ❖ मौसम राडार सञ्चालन र मर्मतसम्भार लगायत प्रडक्ट उत्पादनका लागि आवश्यक म्यानुअलहरु तयार गर्ने पठाउने र मापदण्ड बमोजिम कार्यहरु भए नभएको अनुगमन गर्ने । ❖ मौसम राडार लगायतका केन्द्रहरुको नियमित क्यालिब्रेशन गर्ने गराउने । ❖ राडार केन्द्र लगायतका केन्द्रहरुको तथ्याङ्क नियमितरुपमा केन्द्रिय सर्भरमा प्राप्त हुने गरी संचार व्यवस्था मिलाउने र सम्वन्धित शाखाहरुको प्रयोगका लागि आवश्यक स्वचालित प्रणालीको व्यवस्थापन र सफ्टवयर / पल्याटफर्म विकास गर्ने । ❖ मौसमसंग सम्वन्धि संचार प्रणालीको सञ्चालन मर्मत सम्भार गर्ने गराउने र लगत राख्ने । ❖ विभाग मातहतका कार्यालयहरुका कर्मचारीहरुलाई मौसमसंग सम्वन्धित संचार उपकरणहरु तथा मौसम राडार केन्द्र सञ्चालनका लागि आवश्यक मर्मत सम्भार तालिम उपलब्ध गराउने ।

	❖ मौसम राडारको तथ्याङ्क प्रशोधन गरी प्रडक्टहरु सम्वन्धित शाखामा उपलब्ध गराउने र सर्भरमा अभिलेख गर्ने । ❖ अनलाइन अनुगमनबाट भेरिफिकेशन (Online data Verification) गरी गराइ तथ्याङ्कको गुणस्तर कायम राख्न आवश्यक पल्याटफर्म निर्माण गर्ने गराउने । ❖ शाखाको कार्य प्रकृतिसंग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग तोकिए बमोजिम समन्वय, सहकार्य र फोकल व्यक्तिका रुपमा कार्य गर्ने । ❖ शाखासंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी महाशाखामा सिफारिस गर्नुको साथै महाशाखाले तोके बमोजिम विभिन्न कार्यक्रम, बजेटको कार्यन्वयन र तालिम कार्यशालाको सञ्चालन तथा प्रतिवेदन गर्ने । ❖ शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । ❖ महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने।
१.४.५ त्रि.अ. विमानस्थल उड्डयन मौसम शाखा	❖ राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रको हवाई मौसमको नियमित अनुगमन तथा विश्लेषण गर्दै उपलब्ध मौसम प्रारुपहरु, उड्डयन मौसमसंग सम्बन्धित प्रविधिहरु तथा भूउपग्रहबाट प्राप्त सुचनाहरुका आधारमा अन्तराष्ट्रिय उडानलाई विश्वसनीय र भरपर्दो बनाउन ICAO को मापदण्ड बमोजिम आवश्यक उड्डयन मौसम सुचना, जानकारी तथा पुर्वानुमान तयार गरी तोकिए बमोजिम फर्म्याट र कोडमा सम्प्रेषण गर्ने गराउने । ❖ त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा रही ICAO को मापदण्ड अनुसार ३६५ दिन नै दैनिक हरेक आधा घण्टाको अन्तरालमा राष्ट्रिय तथा अन्तराष्ट्रिय उडानका लागि आवश्यक पर्ने उड्डयन मौसम सुचनाहरु (METAR, SPECI) तयार गरी संजाल मार्फत संप्रेशण गर्ने । ❖ अन्तरराष्ट्रिय मापदण्ड बमोजिम सुरक्षित हवाई उडानका लागि आवश्यक पर्ने टाफ (Terminal Aerodrome Forecast, TAF) दैनिकरुपमा चौविस घण्टाको मान्य अवधि रहने गरी हरेक ६ घण्टामा तयार गरि तोकिएको संजाल मार्फत संप्रेशण गर्ने । ❖ अन्तराष्ट्रिय हरेक हवाई उडानकालागि अति आवश्यक पर्ने उडान (Landing), अवतरण (takeoff) तथा उडान पथ (En-route) को मौसम पूर्वानुमान गर्ने । ❖ माग बमोजिम आवश्यक मौसम विवरण सहितको हवाइ फोल्डर (Aviation Met Folder) दैनिक तीन पटक तयार गरी सम्बन्धित निकाय वा विमान कम्पनीलाई प्रमाणित प्रति र आवश्यकता अनुसार इलेक्ट्रोनिक प्रति (digital copy) उपलब्ध गराउने । ❖ अन्तराष्ट्रिय विमान सेवा लगायतका हवाई सेवा संवद्ध निकायहरुलाई माग बमोजिम अन्य विविध प्रकारका मौसम विवरण, पूर्वानुमान, सुचना तथा जानकारीहरु दिनुको साथै दैनिकरुपमा TREND FORECAST । ❖ आवश्यकता अनुसार वा सिफ्टमा कम्तिमा एक पटक उड्डयन मौसमसंग सम्बन्धित Oral briefing को व्यवस्था मिलाउने । ❖ काठमाण्डौ एयरपोर्ट एरोसिनप केन्द्र सञ्चालन तथा व्यवस्थापन, मौसम पूर्वानुमान शाखासंगको समन्वयमा देशभर रहेका एरोसिनप्टिक तथा सिनप्टिक केन्द्रहरुले भू सतहबाट मापदण्ड बमोजिम संकलित तथ्याङ्क, मौसम सूचना तथा अन्य जानकारीहरु प्राप्त गरी विश्लेषण गर्ने र WMO/ICAO संग सुचना आदान प्रदान गर्न आवश्यक सहयोग गर्ने । ❖ ICAO को मापदण्डबमोजिम Watch office का रुपमा रही विभागको निर्देशनबमोजिम कार्यहरु सम्पादन गर्ने । ❖ नेपालभरको विग्रदो मौसम अवस्था उत्पन्न भए वा हुन सक्ने देखिएमा हवाई सुरक्षाको लागि KTM-FIR का लागि तत्काल जुनसुकै बखत SIGMET तयार गरी तत्काल जारी गर्ने। ❖ राष्ट्रिय तथा अन्तराष्ट्रिय उडानलाई मौसमका दृष्टिले विश्वसनीय र भरपर्दो बनाउन ICAO तथा WMO ले तोके वमोजिमका मापदण्ड र निर्देशिकाहरुको पालना गर्ने, गराउने तथा शाखाको कार्य प्रकृति अनुरुप फोकल व्यक्तिका रुपमा कार्य गर्ने ।

	❖ केन्द्रसंग सम्वन्धित विभिन्न कार्यक्रमको पहिचान र तर्जुमा गरी विभागमा/महाशाखामा सिफारिस गर्ने र विभिन्न कार्यक्रम तर्जुमा गर्ने र सिफारिस गर्ने तथा उपलब्ध बजेटको कार्यन्वयन गरी प्रतिवेदन गर्ने । ❖ केन्द्रसंग सम्वन्धित सम्पुर्ण उड्डयन मौसम पूर्वानुमान, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । ❖ विभाग वा महाशाखा प्रमुखबाट तोकिए बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।
१.४.५. १ काठमाडौ एरोसिनप्टिक केन्द्र	❖ काठमाडौं विमानस्थलस्थित एरो-सिनोप्टिक केन्द्रबाट हरेक दिन तीन तीन घण्टाको अन्तरालमा सिनप्टिक मौसम मापन अवलोकन, सम्प्रेषण तथा अभिलेख गर्ने । ❖ काठमाडौं विमानस्थलबाट ICAO मापदण्ड अनुसार आधा घण्टाको अन्तरालमा मौसम रिपोर्ट मेटार (METAR) तयार गरी तोकिए बमोजिम प्रविधिबाट सम्प्रेषण गर्ने । ❖ विषम मौसम वा मौसम गडवढी भएमा तत्काल जुनसुकै समयमा आवश्कता अनुसार थप मौसम रिपोर्ट स्पेशी (SPECI) तयार गरी तत्काल सम्प्रेषण गर्ने । ❖ काठमाडौं एरो-सिनोप्टिक केन्द्रसंगै अन्य एरोसिनप र सिनप केन्द्रहरुबाट मापन भएको हरेक ३ घण्टाको तथ्याङ्कहरुलाई ICAO को संजाल मार्फत संप्रेशण गर्ने र नेपालका लागि समेत आवश्यक पर्ने सुचना र तथ्याङ्कहरु संकलन गर्ने । ❖ एरो-सिनोप्टिक केन्द्रबाट उपलब्ध गराईने सवै मेटार र स्पेशीको इलेक्ट्रोनिक कपि समेत अभिलेख गर्ने तथा सो केन्द्रको तापक्रम, वर्षा, वायुमण्डलीय चाप आदीको समरी तयार गरी राख्ने । ❖ केन्द्रको सिनप तथ्याङ्कहरुको इलेक्ट्रोनिक अभिलेख गरी शाखाका अधिकृतहरुबाट गुणस्तर परिक्षण तथा प्रशोधन गरी गराइ विभागको तथ्याङ्क शाखालाइ उपलब्ध गराउने । ❖ केन्द्रको सनसाइन चार्टहरु फेर्ने, इभापोरेशन पेनमा पानी राख्ने लगायत सिनप म्यासेजलाइ विभिन्न फर्महरुमा उतार गरी मासिक रुपमा विभागको सम्बन्धित शाखामा पठाउने ❖ हवाई उड्डयन मौसम शाखाको सुपरिवेक्षणमा तोके बमोजिम अन्य कार्यहरु समेत सम्पादन गर्ने ।
विषयगत तथा हिमाली मौसम शाखा	१. देशभरका हिमाली तथा उच्च पहाडी क्षेत्रको मौसम तथा जलवायु सम्बन्धी अवलोकन, विश्लेषण, पूर्वानुमान तथा सूचना प्रणालीको विकास, सञ्चालन र सुदृढीकरण गर्ने। २. हिमाली क्षेत्रमा हुने हिमपात, हिमआँधी, चिसो लहर, हिमताल विस्फोट (GLOF) लगायतका मौसमजन्य तथा जलवायुसम्बन्धी जोखिमहरूको निगरानी, विश्लेषण तथा पूर्वसूचना प्रणाली सञ्चालन गर्ने। ३. हिमाली मौसम पूर्वानुमान, पर्वतारोहण मौसम बुलेटिन तथा पर्यटन, उद्धार तथा पर्वतारोहण गतिविधिका लागि आवश्यक मौसम सेवा प्रदान गर्ने। ४. हिमाली तथा विषयगत मौसम अवलोकन केन्द्र, स्वचालित मौसम केन्द्र तथा अन्य प्राविधिक उपकरणहरूको स्थापना, सञ्चालन, मर्मत तथा स्तरोन्नति गर्ने। ५. हिमाली क्षेत्रको मौसम, हिमपात, तापक्रम, वर्षा तथा अन्य मौसमीय तथ्याङ्क सङ्कलन, प्रमाणीकरण, अभिलेखीकरण, विश्लेषण तथा प्रकाशन गर्ने। ६. कृषि, ऊर्जा, पर्यटन, विपद् जोखिम न्यूनीकरण, जलस्रोत, वातावरण तथा अन्य क्षेत्रका लागि आवश्यक विषयगत मौसम सेवा तथा विशेष पूर्वानुमान विकास गरी उपलब्ध गराउने। ७. मौसम तथा जलवायु सम्बन्धी अनुसन्धान, अध्ययन, नवप्रवर्तन तथा प्रविधि विकासका कार्यक्रम सञ्चालन तथा समन्वय गर्ने।

	८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग हिमाली मौसम तथा जलवायु सम्बन्धी सूचना, प्रविधि, अनुसन्धान तथा क्षमता विकासमा सहकार्य, समन्वय तथा प्रतिनिधित्व गर्ने। ९. हिमाली तथा विषयगत मौसम सेवासम्बन्धी नीति, रणनीति, मापदण्ड, कार्यविधि तथा निर्देशिका तर्जुमा, कार्यान्वयन तथा समीक्षा गर्ने। १०. मौसम पूर्वानुमानको गुणस्तर अभिवृद्धि गर्न संख्यात्मक मौसम पूर्वानुमान (Numerical Weather Prediction), रिमोट सेन्सिङ, उपग्रह तथा राडारबाट प्राप्त सूचनाको उपयोग र विश्लेषण गर्ने। ११. मौसम तथा जलवायु सेवासम्बन्धी जनशक्ति विकास, क्षमता अभिवृद्धि, तालिम, प्राविधिक परामर्श तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। १२. मौसमजन्य विपद्का अवस्थामा सम्बन्धित निकायहरूसँग समन्वय गरी समयमै पूर्वसूचना, प्राविधिक सहयोग तथा आवश्यक मौसम सूचना उपलब्ध गराउने। १३. शाखाको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्यहरू सम्पन्न गर्ने। १४. प्रचलित कानून, नीति तथा विभागीय निर्देशन बमोजिम विषयगत तथा हिमाली मौसम सेवासम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने। १५. विभाग वा नेपाल सरकारबाट तोकिएका हिमाली मौसम, विषयगत मौसम सेवा तथा जलवायु सम्बन्धी अन्य कार्यहरू सम्पादन गर्ने।

१.५ विभाग मातहतका अन्य शाखाहरुको कार्य विवरण

महानिर्देशक मातहत रहने अन्य शाखाहरुको कार्य विवरण	
१.५.१ प्रशासन शाखा	❖ विभाग र अन्तर्गत कार्यालयहरुका कर्मचारीहरुको अभिलेख अध्यावधिक गरी सुरक्षित राख्ने। ❖ महानिर्देशकको निर्देशनबमोजिम दरबन्दी सृजना, नियुक्ति, पदस्थापना, सरुवा, बढुवा, विभागीय कारवाही, अबकास लगायत कार्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने। ❖ जिन्सी सामानको लागत, सर्वेक्षण, रेखदेख र केन्द्रीय स्टोरको व्यवस्था सम्बन्धी कार्य गर्ने। ❖ विभागको भवनमा आन्तरिक सुरक्षा, पालो पहरा, सोधपुछ, सरसफाई आदि सम्बन्धी कार्यमा निर्देशनबमोजिम व्यवस्थापन गर्ने । ❖ केन्द्रीय स्तरको दर्ता चलानी गर्ने गराउने। ❖ विभाग र मातहत कार्यालयहरुलाई कानूनी परामर्श उपलब्ध गराउने तथा मध्यस्थताको व्यवस्था मिलाउने र मुद्धा मामिलामा विभागको बचाव गर्न आवश्यक कार्य गर्ने । ❖ मौसम मापन केन्द्र सञ्चालन तथा जग्गा खरिद, अधिग्रहण, मुअब्जा, सिमांकन सम्बन्धी कार्यमा कानूनी सहयोग पुर्‍याउने र समन्वय गर्ने । ❖ शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा डिजिटल प्रतिहरु सुरक्षित अभिलेख राख्ने । महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने।

१.५.२ आर्थिक प्रशासन शाखा	❖ विभागको विनियोजन, धरौटी राजश्वको लेखा राख्ने तथा अद्यावधिक गर्ने । ❖ विभागको स्वीकृत बजेट निकासा प्राप्त गर्ने, ❖ लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्य, ❖ मातहतका निकायलाई अख्तियारी र निकासा दिने । ❖ विभागको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यमा योजना तथा अनुगमन इकाईसंग समन्वय र अन्य शाखासंग समन्वय गरी आवश्यक कार्य गर्ने, ❖ मातहतका कार्यालयहरुको कानून बमोजिम लेखापरीक्षणमा सहजिकरण गरी बेरुजु उपर विभागको निर्देशन पठाउने, ❖ विभागको वार्षिक बजेट तर्जुमा (साधारण), निकासा एवं खर्चको प्रबन्ध सम्बन्धी कार्य, ❖ प्रचलित आर्थिक कानूनद्धारा निर्दिष्ट कार्य । ❖ मौसम तथ्याङ्क शुल्क निर्धारण, पुनरावलोकन गर्न समन्वय गर्ने ❖ शाखाहरूको लागि बजेट व्यवस्था सम्बन्धी कार्य, ❖ शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा डिजिटल प्रतिहरु सुरक्षित अभिलेख राख्ने । महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने।
१.५.३ सूचना प्रविधि शाखा	❖ विभागको इलेक्ट्रोनिक्स हाजिरको समग्र व्यवस्थापन र समस्या सामाधान गर्ने । ❖ विभागको बेस व्यवस्थापन गर्न आवश्यक प्रणालीको विकास र अनुगमन। ❖ विभागको टिभि स्टुडियो र सेटलाइट व्यवस्थापन सञ्चालन, सूचना प्रवाह र नेटवर्किंगका लागि आवश्यक सफ्टवयर सम्वन्धि सम्पूर्ण कार्यहरु प्रदान गर्न राडार व्यवस्थापन तथा संचार शाखालाई सहयोग गर्ने। ❖ मौसम डाटा संग्रह र व्यवस्थापनका लागि सम्पवन्धित शाखालाई सहयोग गर्ने। ❖ विभागको रिमोट सेन्सिङ्ग सम्वन्धि कार्यहरुमा सम्वन्धित शाखालाई आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने । ❖ डिजिटल मौसम डाटा विश्लेषणको लागि सफ्टवेयर र उपकरणहरूको विकास गर्न सहयोग गर्ने। ❖ विभागको इन्टरनेट, इन्ट्रानेट, कम्प्युटर नेटवर्किङ, कम्युनिकेशन प्रणाली सुदृद गर्ने। ❖ विभिन्न सफ्टवेयरहरुको लाइसेन्स अद्यावधिक गर्ने, मर्मत सम्भार गर्ने, सिष्टम अपग्रेड गर्ने। ❖ विभागको वेब पोर्टल र मोबाइल SMS हरू मार्फत जनतालाई मौसम जानकारी उपलब्ध गर्ने गराउने र सोलागि आवश्यक व्यवस्थापन । ❖ डाटा विश्लेषण र पूर्वानुमान मोडेलहरू विकासका लागि सफ्टवयरको विकास गर्ने । ❖ मौसम विश्लेषण र भविष्यवाणी गर्नका लागि प्रयोग हुने सुपर कम्प्युटिङ प्रणालीहरूको व्यवस्थापन र सफ्टवयर विकास । ❖ विभागका मौसम सेवाहरुको भिजुअलाइजेशन र रिपोर्ट निर्माण गर्न आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने । ❖ विभागका तथ्याङ्कहरुको सुरक्षा र गोपनीयता सुनिश्चित गर्ने उपायहरूको कार्यान्वयन। ❖ विभाग वा अन्तर्गतका वेभसाइटहरु सञ्चालन, साइबर सुरक्षा र डाटा प्रोटेक्शनको निगरानी गर्ने तथा समयसापेक्ष अपग्रेड गर्ने। ❖ विभाग र अन्तर्गतका मौसमसंग सम्वन्धित सप्टवयर सिस्टम अपग्रेड र सुधारमा सहयोग गर्ने ।

	❖ विभागको अत्यावश्यक सेवा प्रवाह गर्ने शाखाहरुलाई सेवा प्रवाह व्यवस्थित गर्न आवश्यक पर्ने सफ्टवयरसंग सम्वन्धित कार्यमा तत्काल प्राविधिक सहयोग प्रदान गर्ने । ❖ विभागमा अवस्थित प्रणालीहरूको मूल्याङ्कन र सुधार प्रक्रिया सुनिश्चित गर्न विभागमा सिफारिस गर्ने। ❖ विभागका कर्मचारी उपयोगकर्ताहरूलाई नयाँ सूचना प्रविधिको बारेमा तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन। ❖ शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा इलेक्ट्रोनिक प्रतिहरु सुरक्षित अभिलेख राख्ने । महानिर्देशक तथा महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने
१.५.४ योजना तथा खरिद एकाई	❖ नेपाल सरकारको नीति अनुरुप योजना (अल्पकालीन ५ बर्षे योजना, दीर्घकालिन २० वर्षे योजना) तथा कार्यक्रम विभागका महाशाखाहरु, मन्त्रालय, मातहतका कार्यालयहरु र अन्य निकायहरुसँग समन्वय गरी तर्जुमा गर्ने । ❖ नियमित रुपमा वार्षिक तथा आवधिक योजना तर्जुमा गर्ने, विभाग र केन्द्रीय स्तरका आयोजनाहरुको वार्षिक बजेट तर्जुमा गर्ने । ❖ नेपाल सरकारबाट प्राप्त विशेष निर्देशनहरु कार्यान्वयन गर्न योजना तर्जुमा गर्ने । ❖ विभाग अन्तर्गत संचालित वार्षिक तथा आवधिक योजनाहरुको कार्यान्वयन, अनुगमन र प्रगति विवरण संकलन गरी सम्बन्धित निकाय (मन्त्रालय, रा.यो.आ) मा पठाउने तथा विभागीय स्तरमा आन्तरिक मूल्यांकन विवेचना गर्ने प्रगति समीक्षा गर्ने । ❖ कार्यालयमा आवश्यक पर्ने मालसामान, निर्माणकार्य, परामर्श सेवा वा अन्य सेवा खरिदका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ उपदफा ३ अनुरुप काम गर्ने । ❖ शाखासंग सम्वन्धित सम्पुर्ण कार्यहरु, तथ्याङ, सूचना तथा जानकारीहरुको हार्डकपि तथा डिजिटल प्रतिहरु सुरक्षित अभिलेख राख्ने । महाशाखा प्रमुखबाट तोकिए बमोजिम शाखासंग सम्बन्धित अन्य कार्यहरु समेत सम्पादन गर्ने।